## १. पृष्ठभूमि

मुलुकमा विद्यमान बेरोजगारी र गरिबीको समस्यालाई सम्बोधन गरी दिगो आर्थिक विकास हासिल गर्न नेपाल सरकारले काम र रोजगारीलाई उच्च प्राथमिकता प्रदान गरेको छ। नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूतिका लागि आन्तरिक रोजगारीका अवसर सिर्जना गर्न नेपाल सरकारले **प्रधानमन्त्री रोजगार कार्यक्रम** कार्यान्वयनमा ल्याएको छ।

यस कार्यक्रम अन्तर्गत प्रत्येक गाउँपालिका र नगरपालिकामा एक रोजगार सेवा केन्द्र रहनेछ। रोजगार सेवा केन्द्रमा एक जना रोजगार संयोजक रहने व्यवस्था गरिएको छ। बेरोजगार व्यक्ति र रोजगारीका अवसर सम्बन्धी सूचना र तथ्याङ्क संकलन गरी अद्यावधिक राख्न रोजगार सेवा केन्द्रमा *रोजगार व्यवस्थापन सूचना प्रणाली* को स्थापना गरिनेछ।

बेरोजगार व्यक्तिले आफ्नो वडा कार्यालयमा दर्ता गरेको निवेदनको आधारमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्णयबाट निजलाई *रोजगार व्यवस्थापन सूचना प्रणाली* मा प्रविष्ट गरी सूचीकरण गरिनेछ। सूचिकृत भएका बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा कम्तिमा १०० दिनको न्यूनतम रोजगारीको सुनिश्चितता गरिनेछ।

परिवारको कुनैपनि सदस्यले न्यूनतम रोजगारी प्राप्त गर्न नसकेको अवस्थामा त्यस्तो परिवारलाई १०० दिनको न्यूनतम पारिश्रमिकको ५० प्रतिशत बराबरको रकम निर्वाह भत्ताका रुपमा प्रदान गरी सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ।

यसका अतिरिक्त यो कार्यक्रमले व्यावसायिक तथा सीपमूलक तालिम मार्फत बेरोजगार व्यक्तिको सीप तथा उद्यमशीलता अभिवृद्धि गर्ने, रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्ने जस्ता कार्यक्रमहरु समेत संचालन गर्नेछ। यो कार्यक्रम तीनवटै तहका सरकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा संचालन हुनेछ।

यस कार्यक्रमले अन्ततोगत्वा उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गरी दिगो आर्थिक विकास मार्फत समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय सोच प्राप्त गर्न योगदान पुऱ्याउनेछ।

## २. कार्यक्रमको सोच

सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार।

## ३. कार्यक्रमको लक्ष्य

आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्ने।

## ४. कार्यक्रमको उद्देश्य

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा रोजगारीका थप अवसर सिर्जना गर्ने।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनागत व्यवस्था गर्ने।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने।

(छ) सार्वजनिक सेवाका विभिन्न क्षेत्रमा थप रोजगारी सिर्जना गर्ने।

## ५. कार्यक्रमको रणनीति

(क) सार्वजनिक निर्माणमा श्रममूलक प्रविधिको प्रयोग गर्ने।

(ख) बजारको मागमा आधारित सीपमूलक तालिम संचालन गर्ने।

(ग) रोजगार सूचना तथा परामर्श सेवाको व्यवस्था गर्ने।

(घ) अन्तर तहगत तथा अन्तर निकायगत समन्वय गर्ने।

(ङ) सरकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्र बीचमा साझेदारी गर्ने।

(च) श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्ने।

(छ) सूचना प्रविधिमा आधारित कार्य प्रणालीको अवलम्बन गर्ने।

## ६. कार्यक्रमका प्रमुख पक्षहरु

(क) **रोजगार सेवा तथा सहायता** : बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन र लगत अद्यावधिक, बेरोजगारको पहिचान र सूचीकरण, रोजगारीको सम्भावनाको आँकलन, रोजगारीका लागि सहयोग, निजी, सहकारी तथा सामुदायिक क्षेत्रसंग समन्वय तथा सहकार्य र निर्वाह भत्ता वितरण।

(ख) **रोजगारीका लागि सीप तथा क्षमता अभिवृद्धि** : व्यावसायि
तथा सीप विकास तालिम, रोजगारीका स्थानीय सम्भावना
खोजी, तालिम-प्रदायक निकायहरुको संस्थागत क्षम
विकास र संस्थाहरु बीचको समन्वय।

(ग) **रोजगारीका लागि निजी, सहकारी र गैरसरकारी क्षेत्रसँ
सहकार्य** : जनशक्तिको प्रक्षेपण र विश्लेषण, जनशक्ति आपू
तथा क्षमता अभिवृद्धिमा निजी, सहकारी र गैर सरका
क्षेत्रसँग समन्वय र सहकार्य, सार्वजनिक पूर्वाधार निर्माण त
सेवा क्षेत्रमा अन्तरनिकाय समन्वय, रोजगारमूलक आयोज
तथा कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनको प्रकृया
पारस्परिक सहयोग र सहकार्य।

(घ) **नीतिगत सुधार** : रोजगारीको हकको कार्यान्वयन र रोजगा
सिर्जनाका लागि नीतिगत परिमार्जन तथा थप नीतिगत एव
संरचनागत व्यवस्था।

(ङ) **रणनीतिक सञ्चार** : 'श्रमको सम्मान, राष्ट्रको अभिया
कार्यक्रम, रोजगार नीति तथा कार्यक्रमको प्रचारप्रसार
रोजगार बन्नका लागि अभिप्रेरित गर्न सञ्चार र सचेत
अभियान।

(च) **अध्ययन तथा अनुसन्धान** : बजारको मागमा आधारित सी
विकास र रोजगारी सिर्जना।

(छ) **रोजगार व्यवस्थापन सूचना प्रणाली** (EMIS) : बेरोजगार व्यक्ति
र रोजगारीका अवसरको कम्प्युटरमा आधारित अद्यावधि
सूचना प्रणाली विकास।

## ७. कार्यक्रमको संरचनागत व्यवस्था

यस कार्यक्रमको राष्ट्रिय स्तरमा समग्र संयोजन श्रम, रोजगार त
सामाजिक सुरक्षा मन्त्रालयले गर्नेछ। नेपाल सरकारका विषयग
मन्त्रालय, प्रदेश सरकारको सम्बन्धित विषय हेर्ने मन्त्रालय त
विषयगत मन्त्रालयहरु र स्थानीय तहहरु यस कार्यक्र
कार्यान्वयनको जिम्मेवार निकायको रुपमा रहेका छन्। य
कार्यक्रमलाई निर्देशन र कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानी
तहमा देहायका समितिहरु रहनेछन्:

**संघीय निर्देशक समिति**
(अध्यक्ष, मा.मन्त्री/राज्यमन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्राल

**प्रदेश निर्देशक समिति**
(अध्यक्ष, मा.मन्त्री/राज्यमन्त्री, रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय

**स्थानीय निर्देशक समिति**
(अध्यक्ष, नगर प्रमुख/गाउँपालिका)

## ८. बेरोजगार व्यक्ति

एक आर्थिक वर्षमा न्यूनतम १०० दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको १८ वर्षदेखि ५९ वर्ष उमेर समूहको नागरिक ।

## ९. बेरोजगार व्यक्तिले पाउने सेवा

- एक आर्थिक वर्षमा न्यूनतम १०० दिन बराबरको रोजगारी
- रोजगार सूचना, परामर्श र सहजिकरण
- व्यावसायिक तथा सीप विकास तालिम

## १०. बेरोजगार परिवारले पाउने सुविधा

- न्यूनतम १०० दिनको रोजगारी प्राप्त नगरेको अवस्थामा रोजगारी नपाएको दिनको न्यूनतम पारिश्रमिकको पचास प्रतिशतका दरले हुन आउने रकम निर्वाह भत्ताको रुपमा उपलव्ध गराईने ।
- निर्वाह भत्ता गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्णयमा कोष तथा लेखा नियन्त्रण कार्यालयमार्फत परिवारका वेरोजगार सदस्यहरुको मञ्जुरिनामा सहित सिफारिस भई आएको सदस्यको बैङ्क खातामा सोझै भुक्तानी दिइने ।

## ११. निर्वाह भत्ता पाउने अवस्था

- परिवारको कुनै पनि सदस्यले न्यूनतम रोजगारी नपाएमा,
- नेपाल सरकारले तोकेभन्दा कम वार्षिक आय भएको परिवार भएमा,
- परिवारको कुनै सदस्य स्वरोजगार नभएमा,
- परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारीमा नभएमा,
- सरकारी कोष (संघ, प्रदेश वा स्थानीय तहको कोष) वा अन्य मुलुक वा अन्तराष्ट्रिय वा अन्तरसरकारी संघ, संगठन वा अन्य कुनै संस्थाबाट नियमित निवृत्तभरण वा अवकाश सुविधा लिइरहेको नभएमा वा सामाजिक सुरक्षा कोष वा नेपाल सरकारको सहायता सम्बन्धी अन्य कोष वा रोजगारदाताबाट नियमित रुपमा कुनै पनि किसिमको सहायता प्राप्त गरेको नभएमा ।

## १२. रोजगारी प्राप्त गर्ने प्रकृया

- बेरोजगार व्यक्तिले आफू स्थायी बसोवास गरेको गाउँपालिका वा नगरपालिकाको वडा कार्यालयमा व्यक्तिगत विवरण सहितको फाराम भरी नाम दर्ता गर्नुपर्ने ।
- वडा कार्यालयले प्राप्त फारामहरु संकलन गरी रोजगार सेवा केन्द्रमा बुझाउनु पर्ने ।
- रोजगार सेवा केन्द्रले प्राप्त फारामहरुका आधारमा बेरोजगार व्यक्तिहरुको सूची गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निर्णयका लागि पेश गर्नु पर्ने ।
- निर्णय भएका बेरोजगार व्यक्तिहरुको विवरण रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी सूचीकरण गर्नु पर्ने ।
- रोजगार आयोजनाहरुले आवश्यक श्रमिक रोजगार सेवा केन्द्रमा माग गरी पठाउनु पर्ने ।
- रोजगार सेवा केन्द्रले माग भए बमोजिमका श्रमिकहरुलाई लाभग्राही परिचयपत्र सहित काम गर्न खटाउने ।
- श्रमिकले रोजगार सेवा केन्द्रले खटाएको स्थानमा गई काम गर्नु पर्ने ।
- सम्बन्धित आयोजनाले काम गरेको दिनको पारिश्रमिक श्रमिकको बैंक खातामा भुक्तानी दिने ।

## १३. रोजगारदाताको भूमिका

- रोजगार सेवा केन्द्रले माग गरे बमोजिम प्रतिष्ठानमा रहेका रोजगारीका अवसरहरुको विवरण उक्त केन्द्रमा उपलव्ध गराउने ।
- प्रतिष्ठानका लागि आवश्यक पर्ने श्रमिकहरु रोजगार सेवा केन्द्रसंग माग गर्न सक्ने ।
- यस कार्यक्रमसंगको सहकार्यमा श्रमिकका लागि आवश्यक पर्ने सीप विकास तालिम सञ्चालन गर्न सक्ने ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**प्रधानमन्त्री रोजगार कार्यक्रम**
सिंहदरबार, काठमाडौं
**फोन:** ०१-४२००४७७ **फ्याक्स:** ०१-४२११८७७
**इमेल:** info@pmep.gov.np
**वेवसाइट:** http://pmep.gov.np


सबैका लागि रोजगार : संवैधानिक अधिकार

# संक्षिप्त परिचय

(२०७५)




नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं